लुम्बिनी साँस्कृतिक नगरपालिका
रूपन्देही, लुम्बिनी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

लुम्बिनी साँस्कृतिक नगरपालिका, रुपन्देहीद्वारा प्रकाशित

| खण्डः ८ | संख्याः १२ | मितिः २०८१/११/२१ |
| --- | --- | --- |

भाग-१

**लुम्बिनी साँस्कृतिक नगरपालिका**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम, लुम्बिनी साँस्कृतिक नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिम "**सैनामैना प्राकृतिक चिकित्सालय सञ्चालन सहयोग सम्बन्धी कार्यविधि–२०८१**" सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# सैनामैना प्राकृतिक चिकित्सालय सञ्चालन सहयोग सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावना :**

लुम्बिनी साँस्कृतिक नगरपालिका र सैनामैना नगरपालिकाको बीचमा नेपाल सामुदायिक योग तथा प्रकृतिक चिकित्सा केन्द्र, सैनामैना-चारपाला, रुपन्देहीद्वारा संचालनमा रहेको सैनामैना प्राकृतिक चिकित्सालय पुर्ण क्षमतामा संचालन गरी बैकल्पिक उपचार  विधिबाट मानव स्वास्थ्यमा सुधार ल्याउन तथा स्वास्थ्य उपचार गराई नागरिकहरुलाई स्वस्थ राख्न, दीर्घ जीवन यापन गर्न र दीर्घ रोग लाग्नबाट बचाउन वाञ्छनिय भएकोले ।

## परिच्छेद १

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः**

१. यस कार्यविधिको नाम सैनामैना प्राकृतिक चिकित्सालय संचालन सहयोग सम्बन्धी कार्यविधि २०८१ रहेको छ।

२. यो कार्यविधि सम्बन्धित स्थानीय तहले आ-आफ्नो कार्यपालिकाबाट पारित गरी राजपत्रमा प्रकाशन भए पश्चात लागू हुनेछ।

३. यो कार्यविधिको क्षेत्र सैनामैना प्राकृतिक चिकित्सालय संचालनको लागि सहयोग गर्ने सदस्य स्थानीय तहभर हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) प्रमुख भन्नाले नगरपालिकाको हकमा नगर प्रमुख सम्झनुपर्छ।

(ख) उपप्रमुख  भन्नाले नगरपालिकाके नगर उपप्रमुख सम्झनु पदर्छ

(ग) प्रमुख प्रशासकीय अधिकृत भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(घ) स्थानीय तह भन्नाले जिल्ला समन्वय समिति,उप-महानगरपालिका, नगरपालिका र गाउँ पालिका सम्झनुपर्छ।

(ङ) सहयोगी संस्था भन्नाले संस्थालाई चिकित्सालय सञ्चालनमा सहयोग पुऱ्याउने रुपन्देही जिल्ला, छिमेकी जिल्ला र अन्य जिल्लाका ईच्छुक स्थानीय तह सम्झनुपर्छ र सो शब्दले उक्त संस्थालाई सहयोग पुऱ्याउने अन्य संघ संस्था वा व्यक्ति समेतलाई जनाउँछ।

(च) "अनुदान सहयोग समिति" भन्नाले दफा ५ बमोजिम गठित समितिलाई जनाउँछ।

(छ) सञ्चालक समिति भन्नाले नेपाल सामुदायिक योग तथा प्राकृतिक चिकित्सा केन्द्र सञ्चालनको लागि गठन भएको समितिलाई सम्झनु पर्दछ र सो शब्दले सैनामैना प्राकृतिक चिकित्सालयलाई समेत जनाउँछ।

(ज) आजीवन सदस्य भन्नाले नेपाल सामुदायिक योग तथा प्राकृतिक चिकित्सा केन्द्र तथा संरचना निर्माणमा सहयोग गर्ने आजीवन सदस्यको रुपमा प्रमाणपत्र प्राप्त चन्दादाता सम्झनुपर्छ।

## परिच्छेद २

## सैनामैना प्राकृतिक चिकित्सालय सञ्चालन सम्बन्धी व्यवस्था

३. सैनामैना प्राकृतिक चिकित्सालय सञ्चालन :

१. चिकित्सालयको सञ्चालन सञ्चालक समितिको निर्णय बमोजिम हुनेछ।

२. उपदफा १ बमोजिमको सञ्चालक समितिमा संस्थाका पदाधिकारीहरु रहनेछन्।

४. सञ्चालक समितिको काम कर्तव्य र अधिकार :

१. सञ्चालक समितिको काम कर्तव्य र अधिकार विधानमा उल्लेख भए अनुसार हुनेछ।

२. सहयोग समन्वय समितिसँग नियमित समन्वय र सहकार्य गर्नु सञ्चालक समितिको कर्तव्य हुनेछ

५. सैनामैना प्रकृतिक चिकित्सालयले प्राप्त गर्ने स्थानीय तह अनुदान सञ्चालन गर्ने, अनुदान प्रदान गर्ने स्थानीय तहका प्रमुखहरु पदेन सदस्यहरु रहने गरी तपसिल बमोजिमको एक मूल अनुदान सहयोग समिति गठन गरिनेछ।

(क) जिल्ला समन्वय समिति प्रमुख रुपन्देही - अध्यक्ष

(ख) अनुदान प्रदान गर्ने स्थानीय तहका प्रमुखहरु - सदस्य

(ग) सैनामैना प्राकृतिक चिकित्सालय सञ्चालक समितिले आफूहरु मध्येबाट तोकेको १ जना महिला सहित २ जना पदाधिकारीहरु - सदस्य

(घ) सैनामैना प्राकृतिक चिकित्सालय रहेको वडाका वडाध्यक्ष - सदस्य

(ङ) सैनामैना प्राकृतिक चिकित्सालयका अध्यक्ष - सदस्य सचिव

६. अनुदान व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारः अनुदान व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) सञ्चालक समितिलाई चिकित्सालय संचालनमा आवश्यक सहयोग गर्ने।

(ख) चिकित्सालय सञ्चालनको लागि बजेटको व्यवस्था मिलाउन स्थानीय तहहरुसँग समन्वय र सहकार्य गर्ने।

(ग) सञ्चालक समितिले गरेका निर्णय कार्यान्वयनमा आवश्यक सहयोग गर्ने।

(घ) स्थानीय तहबाट सिफारिस भए बमोजिम अनुदान रकमबाट प्राप्त गरेको उपचार खर्चको अर्धबार्षिक रुपमा समीक्षा गर्ने।

(ङ) सञ्चालक समितिलाई छुटमा उपचार गराएका विरामीहरुको विवरण दुरुस्त राख्न र सावर्जनिक गर्न लगाउने।

(च) संघ तथा प्रदेश सरकारसँग चिकित्सालय संचालनमा आवश्यक समन्वय गर्ने ।

(छ) अनुदानबाट भएको खर्चलाई अनुमोदन गरी सञ्चालक समिति र सहयोगी सँस्थामा पेश गर्ने ।

(ज) अन्य आवश्यक कार्य गर्ने ।

## परिच्छेद ३

### कोष संचालन सम्बन्धी व्यवस्था

**७. कोष सञ्चालन सम्बन्धी व्यवस्थाः**

१. सैनामैना प्राकृतिक चिकित्सालय संचालनको लागि एउटा कोष स्थापना गरिनेछ।

२. उपदफा १ बमोजिमको कोषमा तपसिलका रकम रहनेछन् ।

(क) नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम

(ख) स्थानीय तहहरुबाट प्राप्त अनुदान रकम

(ग) राष्ट्रिय वा अन्तरराष्ट्रिय संघसंस्थाबाट प्राप्त रकम

(घ) चन्दादाता तथा सदस्यहरुबाट प्राप्त रकम

(ङ) अन्य व्यक्ति वा संघसंस्थाबाट प्राप्त  रकम

(च) संस्थाको आफ्नो आम्दानीबाट प्राप्त रकम ।

८. कोषको संचालन संस्थाकोविधानमा उल्लेख भए बमोजिम हुनेछ।

९. कोषको लेखा परीक्षण प्रचलित कानुन एवं विधानमा उल्लेख भए बमोजिम हुनेछ।

## परिच्छेद ४

### अनुदान रकम खर्च गर्ने सम्बन्धी व्यवस्था

**१०. अनुदान सहयोग गर्नुपर्नेः**

१. सदस्य स्थानीय तहले आ-आफ्ना स्थानीय तहका  विरामीलाई उपचार गराउनको लागि प्रत्येक वर्ष कम्तीमा रु ५,००,००० /- (अक्षारूपी पाँच लाख) संस्थालाई उपचार खर्च छुट वापत अनुदान उपलव्ध गराउनु पर्नेछ।

२. उपचारका लागि पठाउँदा पालिकाले सिफरिस गर्ने पदाधिकारी कार्यपालिकाले तोके बमोजिम हुनेछ।

३. स्थानीय तहले सिफारिस गरेको व्यक्तिको उपचारमा संस्थाले ५० प्रतिशत छुट उपलव्ध गराउनेछ।

४. संस्थाले स्थानीय तहको सिफारिसमा दिएको छुट रकम अनुदान रकमबाट कट्टा गर्नेछ ।

५. संस्थाले स्थानीय तहको सिफारिसमा दिएको छुट रकम प्रत्येक अर्धबार्षिक रुपमा सहयोग

समन्वय समितिमा पेश गरी अनुमोदन गराउनु पर्नेछ।

६. आजीवन सदस्यलाई दिइने थप छुट सुविधा संस्थाको विधान बमोजिम हुनेछ।

७. अनुदान तथा अन्य कोषमा रहने रकम र सोको सञ्चालन सम्बन्धी अन्तिम जिम्मेवारी सञ्चालक समितिको रहनेछ।

**परिच्छेद ५**

**विविध**

११. **लेखा परीक्षण प्रतिवेदन पेश गर्नुपर्ने :**

१. संस्थाले गरेको आम्दानी खर्चको अन्तिम लेखा परीक्षण प्रतिवेदन साधारण सभामा पेश गर्नु पर्नेछ।

२. साधारण सभाबाट पारित अन्तिम लेखा परीक्षण प्रतिवेदन प्रत्येक सहयोगी स्थानीय तहमा पेश गर्नु पर्नेछ।

१२. **निर्देशन दिन सक्ने** : सहयोग समन्यव समितिले संस्थाले सञ्चालन गरेका नियमित क्रियाकलापको अनुगमन गरी सुधारको लागि आवश्यक निर्देशन दिन सक्नेछ।

१३. **कार्यविधि स्वीकृत गराउनु पर्ने :**

१. सहयोग समन्वय समितिको सिफारिसमा संचालक समितिबाट स्वीकृत गरी पठाएको यस कार्यविधिलाई सदस्य स्थानीय तहले आ-आफ्नो कार्यपालिकाबाट स्वीकृत गराउनु पर्नेछ।

२. स्थानीय तहको कार्यपालिकाबाट स्वीकृत भएपछि यो कार्यविधि सम्बन्धित स्थानीय तहमा लागू हुनेछ।

१४. **खारेजी र बचाउ :**

१. संस्थाले यस अघि गरेका छुट सम्बन्धी व्यवस्था यसै कार्यविधि बमीजिम भए गरेको मानिनेछ।

२. यो कार्यविधि कार्यान्वयनमा बाधा उत्पन्न भएमा सञ्चालक समितिले सहयोग समन्वय समितको समन्वयमा आवश्यक बाधा अड्काउ फुकाउन सक्नेछ।

१५. **कार्यविधि लागू हुने** : यो कार्यविधि अनुदान सहयोग उपलब्ध गराउन सदस्यता प्राप्त रुपन्देही जिल्ला छिमेकी जिल्लाका स्थानीय तह र सदस्यता लिन ईच्छुक अन्य स्थानीय तहबाट स्वीकृत भए पश्चात तत् तत् स्थानीय तहमा लागू हुनेछ।

आज्ञाले<br>
तारा ज्ञवाली<br>
प्रमुख प्रशासकीय अधिकृत